# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी,
काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७६/०७७
चलानी नं :- ९८

श्री प्रधानाध्यापकज्यू

मिति २०७६।०५।१०

सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु

टोखा नगरपालिका ।

विषय–प्रतियोगितामा सहभागी हुने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा ४० औं राष्ट्रिय शिक्षा दिवस तथा ५३ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको सन्दर्भमा यही भाद्र १८ र १९ गते यस नगरपालिका क्षेत्रभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमध्ये कक्षा १ देखि ५ सम्मका लागि चित्रकला र कक्षा ६ देखि १२ सम्मका लागि वक्तृत्वकला प्रतियोगिता आयोजना गरिने हुदा उक्त प्रतियोगितामा सहभागिताका लागि सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

## चित्रकला सम्बन्धी जानकारी तथा नियमहरु

१ं विषय : "हिमाल,पहाड,तराई : यहाँ कोही छैन पराई "।

२.कक्षा १ देखि ५ सम्म अध्ययनरत प्रत्येक स्कूलबाट १/१ जना सहभागी हुन पाउने छन्।

३.समय : १ घण्टा ३० मिनेट

४.ड्इङ पेपर शिक्षा शाखाबाट उपलब्ध गराइने छ ।

५.रङ,ब्रस लगायतका सामाग्री प्रतियोगी स्वयमंले नै व्यवस्था गर्नुपर्ने ।

६.प्रथम,द्दितीय,तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यालयलाई प्रमाणपत्र र विजेता विद्यार्थीलाई मेडल,प्रमाणपत्र तथा नगद पुरस्कार उत्कृष्ट शैक्षिक सम्मान समारोहको दिन २०७६।०५।२१ गते वितरण गरिने छ ।

७.सहभागी विद्यार्थी अनिवार्य रुपमा परिचयपत्र सहित विद्यालय पोशाकमा उपस्थित हुनुपर्नेछ ।

८.प्रतियोगिता हुने स्थान : (क) सरस्वती मा.वि–.वडा नं १,२ र ३ मा रहेका विद्यालयहरु

(ख) तिलिङटार मा.वि.– वडा नं ४,५,६ र ७ मा रहेका विद्यालयहरु

(ग) मनोहर मा.वि.– वडा नं ८,९,१० र ११ मा रहेका विद्यालयहरु

९.प्रत्येक स्थानमा शिक्षा शाखाका प्रतिनिधिको रोहवरमा .प्रतियोगिता सञ्चालन हुनेछ ।


सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५Email : hellotokha@gmail.com/Website: www.tokhamun.gov.np

# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी,
काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७६/०७७
चलानी नं :-

१०.निर्धारित समय समाप्त भएपछि शाखा प्रतिनिधिले चित्रकला संकलन गरी विषय विज्ञबाट मूल्याङ्कन पश्चात नतिजा प्रकाशन गरिने छ ।

११ .प्रतियोगिता २०७६ साल भाद्र १८ गते बिहान १०:३० बाट शुरु हुनेछ ।

## वक्तृत्वकला सम्बन्धी जानकारी तथा नियमहरु

१ विषय : (क) कक्षा ६,७ र ८ को लागि~"संस्कति र परम्परा संरक्षणमा हाम्रो भूमिका"

(ख) कक्षा ९,१०,११ र १२ को लागि~"म टोखा नगरको मेयर भएं भने",

२.कक्षा ९ देखि १२ सम्म अध्ययनरत प्रत्येक विद्यालयबाटबाट १/१ जना सहभागी हुन पाउने छन्।

३.समय : प्रत्येक प्रतियोगीलाई ५ मिनेट समय दिइने छ । ४ मिनेटपछि जनाउ घण्टी बज्ने छ ।

४.प्रतियोगितामा कुनै प्रकारका पुस्तक,पत्रिका,टिपोट तथा लिखित सामग्री हेर्न पाइने छैन ।

५.प्रथम,द्वितीय,तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यालयलाई प्रमाणपत्र र विजेता विद्यार्थीलाई मेडल,प्रमाणपत्र तथा नगद पुरस्कार उत्कृष्ट शैक्षिक सम्मान समारोहको दिन २०७६।०५।२१ गते वितरण गरिने छ ।

६.सहभागी विद्यार्थी अनिवार्य रुपमा परिचयपत्र सहित विद्यालय पोशाकमा उपस्थित हुनुपर्नेछ ।

७ प्रतियोगिताको मिति:: २०७६।०५।१९

७.प्रतियोगिता हुने स्थान : तिलिङटार मा.वि.

८ समय: (क) कक्षा ६ देखि ८ सम्म~ बिहान १०:३० बजे

(ख) कक्षा ९ देखि १२ सम्म ~दिउंसो ३ बजे

९.अन्य आवश्यक नियमहरु निर्णायक मण्डलले तोकेबमोजिम हुनेछ ।

नोटः दुवै .प्रतियोगिताका लागि २०७६।०५।१६ गतेसम्ममा टोखा न.पा.शिक्षा शाखामा नाम दर्ता गराइसक्नु पर्नेछ

बाबुराम गौतम

शाखा प्रमुख

शिक्षा,युवा तथा खेलकुद शाखा